
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २७ गते सोमबार ❑ 12 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा पवन प्रजापति

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा पवनकुमार प्रजापति विजयी भएका छन् । आइतबार साँझ आएको अन्तिम मत परिणामाअनुसार प्रजापति एकहजार ६१३ मत ल्याएर संघको अध्यक्षमा निर्वाचित भएका हुन् ।



उनले प्रतिष्पर्धी अर्जुन पोखरेललाई ७१६ मतले पराजित गरे । पोखरलले ८९७ मत प्राप्त गरे । प्रजापति यसअघि संघको वरिष्ठ र पोखरले वाणिज्य उपाध्यक्ष थिए । प्रजापतिको प्यानलबाट उपाध्यक्षबाहेका सबै पदाधिकारी र साधारण सदस्यतर्फ १० जनामध्ये ७ जना विजयी बने । नयाँ समितिको कार्यकाल २ वर्षको हुनेछ । वरिष्ठ उपाध्यक्षमा पनि पवन समूहका गोकर्ण कार्की विजयी बने । गोकर्णले १७ सय ७६ मत प्राप्त गरे भने उनका प्रतिस्पर्धी हरिहर सापकोटाले ७३८ मत प्राप्त गरे । उद्योगतर्फको उपाध्यक्ष देवेन्द्र केसी १७९१ मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी हिरामणि पण्डितले ७२० मत ल्याए । वाणिज्यतर्फको उपाध्यक्षमा उत्तममान बुद्धाचार्यले ९६९ मत प्राप्तगर्दा उनका निकटतम प्रतिद्वन्द्वी सोवित पौडेलले ८७८ र अर्की प्रतिस्पर्धी कुमारी मुना बास्तोलाले ६४८ मत प्राप्त गरिन् । विजयी बनेका उत्तम पवनको समूहबाट मैदानमा उत्रेका थिए भने सोवित स्वतन्त्र र कुमारी मुना अर्जुनको प्यानलमा थिइन् ।

त्रिपक्षीय प्रतिस्पर्धा रहेको महासचिवमा बलराम आचार्य विजयी भए । उनले ९१० मत प्राप्त गरे भने निकटतम प्रतिस्पर्धी केशवबहादुर खत्रीले ८२९ मत ल्याए । अर्का प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार तारानाथ ढुंगानाले ७५९ मत प्राप्त गरे । कोषाध्यक्षमा १५९९ मतसहित दिनेशचन्द्र बास्तोला विजयी हुँदा प्रतिस्पर्धी हरिराज पन्तले ९०५ मत प्राप्त गरे । उपमहासचिवमा शोभा गौतम १७५५ मतसहित विजयी बनिन् । उनका प्रतिस्पर्धी हर्कबहादुर अधिकारीले ७५८ मत ल्याए ।

कार्यसमिति सदस्यमा प्रभा सुवेदी, बालकृष्ण कोइराला, सुदीप प्रधानाङ्ग, दिलिपकुमार श्रेष्ठ, भरत केसी, कृष्णप्रसाद कोइराला, भीम गौतम, माधव बस्ताकोटी, मनोजकुमार श्रेष्ठ र सुदीप ओभ्ना विजयी बने । कुल १९ जनाले साधारण सदस्यमा उम्मेदवारी दिएका थिए । संघको शनिबार सम्पन्न निर्वाचनकोका लागि ३१ सय ४३ जना मतदाता रहेका थिए भने तीमध्ये २५ सय ४९ जनाले मतदानमा सहभागिता जनाएका थिए ।

## खेलकुद पत्रकारिता तालिमलाई पोखरा महागरले सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सन्दर्भमा असोज पहिलो साता पोखरामा हुने प्रदेश स्तरिय खेलकुद पत्रकारिता तालिमलाई सफल पार्न पोखरा महानगरपालिकाले सहयोग गर्ने भएको छ ।



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको टोलीसंग आइतबार भएको भेटघाट कार्यक्रममा पोखरा महानगरका मेयर धनराज आचार्यले उक्त तालिम सम्पन्न गर्न सहयोग गर्ने बताउनु भएको मञ्चले जनाएको छ ।

प्रदेशको राजधानी पोखरामा हुने उक्त प्रतियोगितालाई सफल पार्न महानगरले हरेक हिसावले सहयोग गर्ने बताउदै मेयर आचार्यले मञ्चले आयोजना गर्ने कुनै पनि कार्यक्रममा सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । पोखरा महानगरले पोखरा स्पोटर्स अवार्डदेखि विभिन्न कार्यक्रममा सहकार्य गर्दै आएकोमा महानगरलाई धन्यवाद दिदै मञ्चका अध्यक्ष दीननाथ बरालले खेलपत्रकारहरुको लागि क्षमता अभिबृद्धि गर्न उक्त तालिम आयोजना गर्न लागेको बताउनु भयो । टोलीमा मञ्चका अध्यक्ष बरालको साथमा सल्लाहकार एकराज गिरी, रन्जन अधिकारी, सदस्य राजु गिरी, गणेश बराल, कृष्ण दवाडी लगायतको सहभागिता रहेको थियो । टोलीले पोखरा महानगरको उपप्रमुख मञ्जुदेवी गुरुङलाई पनि भेटेको थियो । राष्ट्रिय खेलकुद परिषद, गण्डकी खेलकुद परिषद लगायतका विभिन्न संघ संस्थाको सहयोगमा मञ्चले उक्त तालिम असोजको ४ र ५ गते पोखरामा गर्ने तयारी गरेको छ । असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता करिब ३९ बर्ष पछि हुन लागेको हो । यसैबिच मञ्च गण्डकीले सञ्चालन तथा व्यवस्थापन गर्दै आएको पोखरा रंगशाला स्थित मिडिया सेन्टरमा सिसिटिभि जडान गरिएको छ । मिडिया सेन्टरमा रहेका सामाग्रीको सुरक्षाको लागि सिसिटिभि जडान गरिएको मञ्चका महासचिव राजाराम पौडेलले जनाए । पौडेलले मञ्चले आयोजना गर्न लागेको खेलकुद पत्रकारिता तालिमको तयारीमा तिव्रता दिइएको समेत बताए ।

## समानुपातिकको बन्दसूचीका लागि आवश्यक कागजातबारे स्पष्ट

**रासस**
**काठमाडौं, २६ भदौं**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिकको बन्दसूची पेस गर्दाको आवश्यक प्रक्रिया र कागजातबारे थप स्पष्ट पारेको छ ।

आयोगले सो प्रणालीका लागि आयोगमा मुख्य निर्वाचन अधिकृतको कार्यालय खडा गरी आउँदो असोज २ र ३ गते उक्त बन्दसूची पेस गर्ने गरी निर्वाचन कार्यक्रम सार्वजनिक गरिसकेको छ । सूची पेस गर्दा समानुपातिक समावेशी सिद्धान्तबमोजिम कानुनबमोजिमआवश्यककागजात अनिवार्यरूपमा पेस गर्न आयोगले आइतबार दलहरूलाई आग्रह गरेको छ । आयोगको समानुपातिक निर्वाचन प्रणालीका प्रवक्ता गुरुप्रसाद वाग्लेले विज्ञप्ति जारी गरेर कागजात अपुग भएका सूची दर्ता नहुने स्पष्ट गर्दै आवश्यक प्रक्रिया र कागजातको चेकलिष्ट आयोगको वेबसाइटमा समावेश गरिएको बताउनुभएको छ । उक्त प्रणालीतर्फको बन्दसूचीमाथि आयोगले जाँचबुझ गरी संशोधनका लागि असोज ४ देखि ९ गतेसम्म दलहरूलाई आग्रह गर्नेछ । आयोगको सुझावबमोजिम दलहरूले असोज १० देखि १६ गतेसम्म परिमार्जित सूची पेस गर्नुपर्नेछ । आयोगले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ ।

## बाँकी जीवन आर्थिक क्रान्तिका लागि समर्पण गर्छु : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २६ भदौं**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक परिवर्तनका लागि लामो सङ्घर्ष गरेको स्मरण गर्दै अबको बाँकी जीवन राजनीतिक स्थायित्व, शान्ति, विकास र समृद्धिका लागि लगाउने बताउनुभएको छ ।

बागमती प्रदेशको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय युवा परिषद् र विशाल मिडिया ग्रुपको संयुक्त आयोजनामा आइतबार काठमाडौँमा भएको 'युवा उद्यमशीलता सम्मेलन'को उद्घाटन गर्दै अध्यक्ष दाहालले मुलुकको स्थायित्व, विकास र समृद्धिको वातावरण तयार पारे विदेशिएका युवा आफैँ फर्किएर आउने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष दाहालले लामो सङ्घर्षका साथ राजनीतिक परिवर्तनमा होमिँदै जीवनको उत्तरार्धतिर आइसकेकाले स्मरण गर्दै भन्नुभयो, "अब बाँकी जीवन आर्थिक क्रान्तिका लागि समर्पण गर्ने मेरो अठोट हो, उद्योगमैत्री ऐन कानुन, बनाउने, विदेशमा रहेका युवाका आर्जित सीप र पुँजीलाई नेपालमा लगानी गर्नसक्ने बनाउने सोच छ ।"

अध्यक्ष दाहालले आजको स्थिति हेर्दा १० वर्षमा मुलुकलाई विकासको गतिमा अघि बढाउन सम्भव छ भन्नुभयो । त्यसकाल लागि युवाको जागरुकता आवश्यक भएको उहाँले बताउनुभयो । अध्यक्ष दाहालले थप्नुभयो, "हाम्रो भरोसा तपाईं युवा नै हो, तपाईहरू भविश्य होइन वर्तमान हो, अठोट गर्नुभयो भने देशलाई नयाँ र आर्थिकरूपले गतिशिल बनाउन सक्नुहुन्छ ।"

नेपाललाई आत्मनिर्भर अर्थतन्त्रका रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना भएको पनि उहाँले बताउनुभयो । उहाँले प्राकृतिक स्रोतसाधनको प्रचुर सम्भावना रहेको तर राजनीतिक

बाँकी अन्तिम पृष्ठमा ▶▶


# फेवा बचत तथा ऋण सहकारी संस्था लि.

**जिरो कि. मि., पोखरा-५**

## २३ औं वार्षिक साधारण सभामा उपस्थिती सम्बन्धी सूचना

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०७९ साल भाद्र १ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २३ औं वार्षिक साधारण सभा तपशिलका विषयवस्तु उपर छलफल र निर्णय गर्न बस्ने भएको र सोहि दिन नवनिर्मित भवन तथा प्रधान कार्यालयको राष्ट्रिय सहकारी बैंक लि. का अध्यक्ष के.वी.उप्रेतीज्यूबाट समुद्घाटन गर्ने कार्यक्रम भएकोले तपशिलको मिति, समय र स्थानमा यहाँको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ । उपस्थित हुँदा शेयर सदस्य मात्र हुनुहोला । प्रतिनिधि आउने भएमा अग्रिम जानकारी गराउनुहोला ।

**क) छलफलका विषयहरुः**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा समितिको तर्फबाट तयार गरिएको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व. २०७८/०७९ को लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व. २०७९/०८० को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
६. आ.व. २०७८/०७९ को शेयर लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७. सदस्यहरुको सुझाव एवं जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण ।
८. नीति, निर्देशिका र कार्यविधिहरु पारित तथा संशोधन गर्ने सम्बन्धमा ।
९. सधारण सभाको निर्णयपुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने ।
१०.विशेष प्रस्तावहरु सम्बन्धमा ।

**ख) साधारण सभा तालिकाः**
**मिति : २०७९ आश्विन ३ गते, सोमबार ।**
**समय : विहान ८ बजे ।**
**स्थान : ह्वाईट हाउस पार्टी प्यालेस, पोखरा-८, सृजनाचोक ।**
**सम्पर्क नं : ९८५६०१२४४६, ९८४६४३४२६६, ९८५६०२२७५०**

- वार्षिक साधारण सभाको लागि सदस्यहरुको नाम दर्ता र सुझावहरु पेश गर्न साधारण सभा स्थलमा उपस्थित हुँदा स्वास्थ्य सम्बन्धी मापण्डहरु जस्तैः अनिवार्य रुपमा भौतीक दुरी कायम गर्ने, माक्स तथा सेनिटनइजरको प्रयोग गरि व्यवस्थापनमा सहयोग गरि दिनुहुन अनुरोध छ ।
- सदस्यहरुले साधारण सभामा विशेष प्रस्ताव र प्रतिवेदन उपर आफ्ना जिज्ञासा राय तथा सुझाब भएमा सो समेत समेट्ने गरी प्रतिवेदनको अन्तिम पानामा भएको सदस्य सहभागीता फारममा आफ्नो सुझाब भरी मिति २०७९ साल आश्विन १ गते भित्र पोखरा -५, जिरो किलोमिटर स्थित संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र राखी सक्नु पर्ने छ ।
- वार्षिक साधारण सभा व्यवस्थित बनाउने दायित्व सदस्य स्वयंको समेत भएकोले व्यवस्थापनमा आवश्यक सहयोग गर्नुहुने छ ।
- वार्षिक प्रतिवेदन मिति २०७९/०५/२४ गते बाट संस्थाको कार्यालयमा आई लिन सक्नु हुने छ ।
- मासिक बचत नियमित नगर्नु भएका सदस्य पहिचान फारम भर्न बाँकी सदस्यहरुले नियमित बचत गरि र सदस्य पहिचान फराम (KYM form) भरि सहयोग गरिदिनुहोला । आफ्नो सम्पूर्ण वित्तीय कारोबार आफ्नै संस्थाबाट गर्ने बानी बसालौं ।
- माथि उल्लेखित विषयहरु भन्दा बाहेक अन्य जानकारी चाहिएमा संस्थाको कार्यालयबाट जानकारी प्राप्त गर्न सक्नु हुने छ ।

सञ्चालक समितिको आज्ञाले
दिल बहादुर भट्टराई
सचिव





# कुँवर समाजद्वारा मन्त्री थापा तथा जनप्रतिनिधि सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

पोखरा महानगरपालिका वडा नं ८ मा रहेको कुवर समाज समिति र भवानी आमा समुहले शनिबार प्रदेश मन्त्री तथा वडा प्रतिनिधिहरुलाई स्वागत तथा सम्मान गरेको छ ।

माननीय कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा, पोखरा-८ का वडा अध्यक्ष रुद्र प्रसाद बराल र वडा सदस्य हिराकाजी श्रेष्ठलाई स्वागत तथा सम्मान गरेको हो ।

कुँवर समाज समितिका वरिष्ठ उपाध्यक्ष बसन्तबहादुर कुँवर र भवानी आमा समुहकी अध्यक्ष समिक्षा कुँवरले उहाँहरुलाई सम्मान पत्र, दोसल्ला र खादा लगाएर सम्मान गरेका थिए ।



कार्यक्रमका प्रमुख अतिथि तथा सम्मानित ब्यक्तित्व कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले आफू यहीँ वडाको बासिन्दा भएको नाताले पनि यहाँका समस्या बारे जानकार भएको बताउँदै निरन्तर सम्पर्कमा रहन आग्रह गरेका थिए । उनले पोखरा महानगरको मुटुमा भएर पनि ओझेलमा परेकोले आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै समाजका अभियन्ताहरु जागरुक हुन अनुरोध गरेका थिए ।

वडा अध्यक्ष रुद्रप्रसाद बरालले यस वर्ष समाजको भवन मर्मतको लागि रकम छुट्टाएको बताउँदै केही रकम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्मान कार्यक्रमका संयोजक कृष्ण कुँवर, भवानी आमा समुहकी निवर्तमान अध्यक्ष सीता कुँवर, कुँवर समाज समितिका प्रथम उपाध्यक्ष राजेश कुँवरले समाजमा भौतिक निर्माण तथा स्वरोजगार मूलक तालिमहरु लगाएतका कार्यक्रममा सरकारी सहयोग प्राप्त हुन नसकेको गुनासो व्यक्त गरेका थिए ।

भवानी आमा समुहकी अध्यक्ष समिक्षा कुँवर तथा कुँवर समाज समितिका बरिष्ठ उपाध्यक्ष वसन्त बहादुर कुँवरको संयुक्त अध्यक्षतामा भएको कार्यक्रमको संचालन भवानी आमा समुहकी सचिव लक्ष्मी कुँवरले र स्वागत सपना सापकोटा कुँवरले गरेकी थिइन ।



पोखराको हल्नचोकस्थित फेवाताल छेउमा पर्यटकको आकर्षणका लागि राखिएका रङ्गिन डोकाहरु । तस्बिरः राधिका कँडेल/रासस

# व्यावसायिक कृषकलाई अनुदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

जिल्लामा व्यावसायिक कृषकले उत्पादनका आधारमा अनुदान पाएका छन् । जिल्लाका दुग्ध उत्पादक कृषकले समूह तथा सहकारी संस्थाबाट सरकारले दिएको अनुदान रकम पाए । प्रदेश सरकारले दूधमा प्रतिलिटर दुई रुपैयाँ ५० पैसा अनुदान दिएको हो ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीले गत आर्थिक वर्ष नौ सहकारीलाई उत्पादनमा आधारित प्रोत्साहन रकम रु ४४ लाख ४६ हजार अनुदान वितरण गरेको हो । केन्द्रका प्रमुख शम्भुराज पाण्डेले १७ लाख ७९ हजार लिटर दूध उत्पादनमा साढे दुई रुपैयाँका दरले सहकारीमार्फत कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराइएको जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादनका आधारमा दिइने अनुदान वास्तविक कृषकसम्म पुग्ने र अनुदानको दुरुपयोग हुन पाउँदैन ।

उहाँले भन्नुभयो, “उत्पादन गरेका आधारमा सरकारी अनुदान पाउनुपर्दछ भन्ने कृषकको माग हो । त्यसैले हामीले जसले बढी उत्पादन गर्छ, उसैले बढी अनुदान पाउने प्रोत्साहन कार्यक्रम ल्याएका हौँ । उत्पादन वृद्धि गरी आयात निरुत्साहित गर्न यसले योगदान दिएको छ ।”

कार्यालयले दूधमा प्रोत्साहन अनुदानका लागि गत वर्ष रु ४५ लाख बजेट विनियोजन गरेको थियो । सो अनुदान रकम कृषकले चौमासिकरूपमा प्राप्त गर्नेछन् ।

यसैगरी प्रदेश सरकाराद्वारा सञ्चालित पशुपक्षी कार्यक्रममा बीमा प्रिमियममा कार्यालयले २५ प्रतिशत अनुदान दिएको छ । कृषि तथा पशुपक्षी बीमा सङ्घीय सरकारको ७५ प्रतिशत र प्रदेश सरकारको २५ प्रतिशत गरी निःशुल्क गरिएको हो । जिल्लामा अघिल्लो वर्ष आठ सय ६५ कृषकले आफ्ना पशुपक्षीको बीमा गराएका छन् ।

गाई, भैँसी, बाख्रा, कुखुरा, बङ्गुर, भेडा-च्याङ्ग्रा र माछा गरी तीन लाख १८ हजार ६२ पशुपक्षी बीमामा रु एक करोड १० लाख ८९ हजार भुक्तानी गरिएको कार्यालय प्रमुख पाण्डेले जानकारी दिनुभयो । कार्यालयले पशुमा पूर्णखोप कार्यक्रम, साना व्यावसायिक फार्म स्थापना तथा विस्तार, पाडी बाच्छी हुर्काउन प्रोत्साहन सहयोग, पशुपक्षी पकेट विकास कार्यक्रम, नयाँ पोखरी निर्माण र पोखरी सुधारका मुख्य कार्यक्रम सञ्चालन गरिएको कार्यालयका पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीले चालु आर्थिक वर्षमा पनि अघिल्लो वर्षका कार्यक्रमलाई नै निरन्तरता दिएको छ । यस वर्ष केन्द्रको बजेट रु नौ करोड ६५ लाख ७९ रहेकामा पूँजीगत खर्चतर्फका कार्यक्रमका लागि रु तीन करोड ६६ लाख ९८ हजार छ । यसैगरी चालू खर्चतर्फ रु पाँच करोड ९८ लाख ८९ हजार रहेको बताइन्छ ।

# फुटसल प्रतियोगीताको उपाधि योर्स च्वाईस मोबाईल एण्ड टेक्निसियनलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

प्रथम अन्तर मोबाईल ब्यवसायी कप फुटसल प्रतियोगीता २०७९ को उपाधि योर्स च्वाईस मोबाईल एण्ड टेक्निसियनले जितेको छ ।

नेपाल मोबाईल बितरक संघ, गण्डकी प्रदेशको आयोजनामा शनिबार पोखरामा सम्पन्न भएको उक्त प्रतियोगिताको फाइनल खेलमा टेक्निसियनको टोलीले मोबाईल स्टेसन टिम लाई ३-० गोल अन्तरले पराजित गर्दै उपाधि हात पारेको हो । प्रथम हुने बिजेता टीमलाई कप सहित नगद २५ हजार ५ सय ५५ रुपैया तथा उपविजेताले कप सहित १५ हजार ५ सय ५५ रुपैया प्राप्त गरेका छन् । विजयी खेलाडीहरूलाई पोखरा ईलेक्ट्रोनिक्स संघका अध्यक्ष दधिराम दाहाल, नेपाल मोबाईल बितरक संघका केन्द्रीय बरिष्ठ उपाध्यक्ष शिबराज पहारी, आयोजक संस्थाका अध्यक्ष मनोहर श्रेष्ठ, प्रतियोगिता संयोजक जीवन खत्री लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । सामसुङ, एम.आई.र रियलमी मोबाईलको मुख्य प्रायोजक रहेको प्रतियोगीतामा ८ टिमको सहभागीता रहेको थियो ।

# संगम बचत तथा ऋण सहकारीको अध्यक्षमा नवराज

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

पोखरा महानगरपालिका वडा नं १५ स्थित संगम बचत तथा ऋण सहकारी संस्थाको १५ औं सभाले नवराज तिवारीलाई अध्यक्षमा चयन गरेको छ ।



शनिवार भएको सभाले उपाध्यक्षमा बुद्धिमान थापा, सचिवमा धनराज पुरी, कोषाध्यक्षमा भरतवहादुर थापा चयन भए । त्यसैगरी सदस्यहरुमा क्रमश विष्णुकुमारी थापा, सुवासचन्द्र भण्डारी, तोयनाथ भट्टराई, भुपेन्द्र गौचन, तिलक थापा रहेका छन् । लेखा समितिको सयोजकमा भोविन्द्र, गिरी, सदस्य शान्तरत्न गुभाजु र शोभाकुमारी कुँवर चयन भएका छन् ।

# म्यादी प्रहरीमा भर्ना खुल्यो, भदौ ३० देखि दरखास्त दिन सकिने

**रासस**
**काठमाडौं, २६ भदौं**

नेपाल प्रहरीले आगामी मङ्सिरमा हुने सङ्घ र प्रदेश निर्वाचनको सुरक्षार्थ म्यादी प्रहरी भर्नाका लागि दरखास्त आह्वान गरेको छ ।

नेपाल प्रहरीले आइतबार एक सूचना जारी गरी आगामी मङ्सिर ४ मा हुने प्रतिनिधिसभा सदस्य र प्रदशेसभा सदस्य निर्वाचनका लागि स्वीकृत म्यादी प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड, २०७९ अनुसार भर्ना खुलाएको हो । प्रहरीले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिन आह्वान गर्न भनेको छ । सरकारले यसपटकको निर्वाचनमा एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्न प्रहरीलाई स्वीकृति प्रदान गरिसकेको छ । नेपाली नागरिकले म्यादी प्रहरीका लागि मङ्सिर ३० गतेदेखि असोज ६ गतेसम्म जिल्ला प्रहरी कार्यालयहरूमा दरखास्त दिन सक्नेछन् । दरखास्त दिनका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका हुनुपर्नेछ । भर्नाका लागि नेपाली नागरिक हुनुपर्ने, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएका, राजनीतिक दलको सदस्य नभएका, शारीरिक र मानसिक रूपले स्वस्थ, आतङ्ककारी सङ्गठनका सदस्य नरहेका, आँखा माइनस २ र प्लस २ भन्दी बढी कमजोर नभएका, गर्भवती नभएका तथा पुरुषको हकमा उचाइ घटीमा ५ फिट २ इञ्च र छाति ३१-३३ इञ्च, तौल ५० केजी र महिलाको हकमा उचाइ कम्तीमा ५ फिट र तौल ४२ केजी भएको हुनुपर्ने सूचनामा जनाइएको छ ।

प्रहरीका अनुसार आगामी असोज ९ गतेदेखि छनोट प्रारम्भ हुनेछ । यसअघि म्यादी प्रहरीमा छनोट भई सन्तोषजनक काम गरेका, पूर्वसुरक्षाकर्मी तथा पूर्ववनरक्षक, सुरक्षाकर्मीमा भर्नाका लागि शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएका, मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरेर सेवा निवृत्त भएकालाई प्राथमिकतामा दिइने प्रहरीले जनाएको छ ।

# बाँकी जीवन...

वातावरण र उनीहरूको दृढ इच्छाशक्ति, सही भिजन, योजना र कार्यक्रमको अभाव रहेको बताउनुभयो ।

भौगोलिक अवस्थाका आधारमा नेपालमा डिजिटल पूर्वाधार विकासको सम्भावना अधिक रहेकाले उक्त अवसर र सम्भावना नगुमाउन युवालाई आह्वान गर्नुभयो । उहाँले अहिले पनि सबैभन्दा विकास गर्न सकिने महत्वपूर्ण क्षेत्र भनेको कृषि नै भएको बताउँदै कृषिमा आत्मनिर्भर र कृषिमा आधारित उद्योग स्थापनाको आवश्यकता औँल्याउनुभयो । अध्यक्ष दाहालले विगतमा खाद्यान्नमा निर्यात गर्ने हाम्रो मुलुक आर्थिक स्थितिमा पछाडि जानु चुनौतीपूर्ण अवस्था हो भन्नुभयो । उहाँले जलविद्युत्, पर्यटन तथा जडीबुटी र खनिजको विकास गर्ने कुरा हुँदाहुँदै पनि कृषिमा आधारित उद्योग दीगो र दीर्घकालीन हुने बताउनुभयो ।

दुई नम्बरी धन्दाबाट सम्पत्ति कमाउने प्रवृत्ति समाजमा रहने र त्यो प्रवृत्ति हावी हुने खतरा रहेको जिकिर गर्दै अध्यक्ष दाहालले सम्पत्ति कसरी कमाउने र कसरी खर्च गर्ने कुरा महत्वको नभएको तर समाजलाई कसरी अघि बढाउने भन्ने कुरा महत्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले युवालाई कुनै उद्योग स्थापना गरेर छिट्टै पैसा कमाउने सपना नदेख्न आग्रह गर्नुभयो । पैसा कमाउनका लागि धैर्यता लिन सुझाव दिनुभयो । “काम ढिलो होस्, तर दीर्घ होस्, रातारात धनी हुनुपर्छ भनेर सुरु गरेको व्यवसाय तत्काल त्याग्नु हुन्न”, उहाँले युवालाई सुझावात्मकरुपमा भन्नुभयो । अध्यक्ष दाहालले आफ्नो बाल्यकाल स्मरण गर्दै खान नपुगेर कास्कीबाट चितवन झरेको मान्छे दुईपटक प्रधानमन्त्री नै भइसकेको भनी युवालाई उत्प्रेरणा जगाउनुभयो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ।
– स्वटेमार्डन

## सम्पादकीय

# सत्ताको आडमा ताण्डव रोका

नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणित हुन ढिला भएको भन्दै सत्तारूढ काङ्ग्रेसको भातृ संगठन नेविसंघ सडक आन्दोलनमा उत्रिएको छ। सत्ता गठबन्धनकै अर्को घटक माओवादी केन्द्र भातृ संगठन अनेरास्ववियु क्रान्तिकारीले भने नेविसंघको ढुंगामुढाले विद्यार्थी आन्दोलनमाथि प्रहार गरेको आरोप लगाएको छ । विपक्षी नेकपा एमाले भातृ संगठन अनेरास्ववियुले नागरिकता विधेयक खारेजीको माग गरेको छ। नेविसंघको सत्ताको आडमा भएको आन्दोलन,ढुंगामुढा र राष्ट्रपतिको पुत्ला जलाउने कार्यको वामपन्थी विध्यार्थी संगठनले निन्दा गर्दै यसले विद्यार्थी आन्दोलनको भविष्यमाथि ढुंगा बर्साएको टिप्पणी गरेका छन् । सत्ताको आडमा नेविसंघबाट भएको विश्वविद्यालयको तालाबन्दीको समेत बिरोध भएको छ।

नेविसंघले प्रहरी माथी होइन विद्यार्थी आन्दोलनको भविष्यमाथी ढुंगा बर्षाइरहेको छ । त्रिबिको तालबन्दी, त्रिचन्द्र अगाडी प्रहरीमाथि गरिएको ढुंगामुढाले बिध्यार्थी आन्दोलनमाथि थप कालो पोत्ने काम मात्र गरेको छानेबिसंघले आन्दोलनको स्वरुप फेर्न, रचनात्मक बनाउन र शैक्षिक मुद्दामा बढी केन्द्रित हुन गरेको अनुरोधलाई कमजोरी ठान्ने गरिएको छ । सत्ता गठबन्धनका दलहरूबीचमा नागरिकता र विश्वविद्यालय सुसंचालनमा एउटै धारणा बन्न सकेको छैन। धेरै राजनीतिक विचार तथा दलहरू भएको अवस्थामा यो चुनौती वहन गर्न व्यापक राजनीतिक समझदारी, सुझबुझ र सहकार्य आवश्यक छ। यस्तो असल कामका लागि राजनीतिक नेतृत्व र समर्थकहरूको पङ्क्ति हुनुपर्दछ। तर, आजको राजनीति त्यसतर्फ उन्मुख छ ? त्यस्तो देखिँदैन । सिद्धान्त, व्यवहार, दृष्टिकोण मिल्दै नमिल्नेका बीचमा अप्राकृतिक गठबन्धन गरी आफ्नो दृष्टिकोण, सिद्धान्त, विचारमा दृढ रहँदै अघि बढिरहेको पार्टीका विरुद्ध अनेकौं षड्यन्त्रका तानाबाना बुन्ने काम भइरहेको छ। हुँदा हुँदा गठबन्धन र सरकारको समेत नेतृत्व गरिरहेको नेपाली काँग्रेस पार्टीको विद्यार्थी सङ्गठनले संवैधानिक मर्यादामा रहने र रहिरहेको राष्ट्रपतिको पुतला डढाउने काम गरेको छ। नेविसंघ जस्तो लोकतान्त्रिक आन्दोलनको विरासत बोकेकोनागरिकता विधेयकका विषयलाई लिएर गणतन्त्रका उच्च संस्थामाथिको यस्तो असहिष्णु, अराजक, अलोकतान्त्रिक कार्य हुन।

नागरिकता विधेयक सडकको विषय होइन । नारा जुलुसबाट टुङ्गिने विषय पनि होइन । राष्ट्रको स्वाधीनताको यस्तो संवेदनशील विषयमा हो हल्ला र अराजकता मच्चाउने शक्तिहरू नेपालको राष्ट्रिय हित नचाहने शक्ति हुन्। सत्ताधारी गठबन्धनको माउ ठानिएको राजनीतिक दलका अराजक लाठे–मुङ्ग्रेहरूको यो तमासा मुलुकको राजनीतिका लागि घातक छ। राजनीतिक, वैचारिक र विधि सङ्गत लोकतान्त्रिक प्रक्रियाबाट टुङ्गो लगाइने विषयमा सहरमा धुवाँ उडाउने विषय किमार्थ क्षम्य हुन सक्दैन। राष्ट्रपति, सरकार र सदन र न्यायाय सआ-आफ्ना दायित्व, मर्यादा र सीमा छन्। ती सबै देशको संविधान, कानुनमा व्यवस्था गरिएबमोजिम हुने हो। समय र विमति सुन्न नचाहने, दलगत हित–लाभका लागि उर्लने र कुर्लने तत्त्वहरू वास्तविक राजनीतिक रूपमा पराजित मानसिकताका वाहक हुन्। निर्वाचनको प्रक्रिया अघि बढिसकेको अवस्थामा यसरी सडकमा द्वन्द्व चर्काउने गतिविधि निर्वाचनलाई प्रभावित गर्ने कुत्सित मनसायको अभिव्यक्ति पनि हुन सक्दछ। घोषणापत्र जारी गर्न नसक्ने, समयमै उम्मेदवारको टुङ्गो लगाउन नसक्ने, भागबण्डामा मुलुकलाई बन्धक बनाउने, दलीय व्यवस्था अनुरूप एक्लै प्रतिस्पर्धामा आउन नसक्नेहरू राष्ट्रपतिको पुतला डढाएर नेपाली जनतालाई वर्तमान राजनीतिक व्यवस्थाप्रति विरक्त पार्ने र मनपरी गर्ने दाउमा त छैनन् ? यस्तो प्रश्न उब्जनु स्वाभाविक हो । तर्क, विचार, नीति, सिद्धान्त, संविधान, ऐन कानुन, बौद्धिक बहसको बाटो छोडेर पुतला पोल्दै हिँड्ने अराजकतामा तुरुन्त रोक लगाऊनु पर्छ।

# राहदानीबाट चार करोड ४२ लाख राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
दमौली, २६ भदौं

तनहुँमा राहदानी वितरणबाट आर्थिक वर्ष २०७८/७९ मा रु चार करोड ४२ लाख राजस्व सङ्कलन भएको छ।

सो आवमा जिल्लाबाट छ हजार छ सय १९ राहदानी वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिनुभयो। त्यस्तै आठ हजार आठ सय ५४ जनाको राहदानीका लागि जिल्लाबाट सिफारिस गरिएको छ भने आठ सय ७२ द्रुत सेवाका लागि सिफारिस गरिएको छ।

कार्यालयले एक वर्षको अवधिमा विभिन्न शीर्षकबाट रु चार करोड ८० लाख राजस्व सङ्कलन गरेको छ । संस्था दर्ता, हातहतियार, राहदानी दस्तुर, न्यायिक दण्ड जरिवाना, प्रशासनिक दण्ड, जरिवाना र जफत, बेरुजु र परीक्षा शुल्कबाट उक्त राजस्व सङ्कलन गरेको हो । सो अवधिमा ५२ मुद्दा दर्ता भएको छ। दुई हजार चार सय ७० जनालाई आदिवासी जनजाति प्रमाणित, एक हजार ८० जनालाई दलित प्रमाणित, एक हजार आठ सय ७८ लाई पेन्सन सिफारिस गरिएको छ । कार्यालयमा ८४ संस्था नयाँ दर्ता भएकामा सात सय ८५ संस्थाको नवीकरण भएको छ । ९९ हातहतियार नवीकरण भएकामा छवटा नामसारी गरिएको छ। यस अवधिमा एक पत्रपत्रिका दर्ता भएको कार्यालयले जनाएको छ।

# लोकमार्गबाट झरेको बाढीले बगर भयो खेत

पोखरापत्र संवाददाता
बलेवा, २६ भदौं

लगातारको वर्षात्का कारण आएको बाढीले बागलुङको गलकोट क्षेत्रमा किसानको खेतबारी बगाएर बगर बनाएको छ। खेतबारी बगाउँदा किसानको करोडौंको बालीनाली नष्ट भएको छ।

गत असारमा आएको बाढीबाट पशुचौपाया बगाए क्षति पुर्‍याएको थियो । त्यसको एक सातामा आएको बाढी पहिराले दुई सय रोपनी बढी जमिन बगर बनाएको स्थानीय पीडितले गुनासो गरे । बाढीपछिको पहिरोले किसानको घरगोठ बगाउँदा पशु चौपायाकोसमेत क्षति भएको छ । मध्यपहाडी लोकमार्गमा व्यवस्थित नाली नभएकाले सडकमै बगेको पानीले बाढीको रुप लिएको गलकोट नगरपालिका-२ का अध्यक्ष हिमबहादुर भण्डारीले बताउनुभयो।

उक्त बाढीले सडक र खेतीमा व्यापक क्षति पुगेको हो । दर्जनौं स्थानमा खसेका पहिरोले किसानको धानबाली नष्ट भएको छ। नरेठाँटीस्थित धैंसेमारे भन्ने स्थानमा मध्यपहाडी लोकमार्गबाट खसेको पहिरो र नालीको बाढीले दुई सय रोपनी जमिन बगर बनाएको हो । गत असारमा रोपेको धान सबै नष्ट भएको र तत्काल मर्मत गर्न नसकिने गरी खेत सबै बगर बनाएको किसानले गुनासो गरे। काठेखोला गाउँपालिका-५ को बिहुँदेखि गलकोट नगरतर्फको सबै सडकमा बग्ने पानीले बाढीको रुप लिँदा सडकका विभिन्न स्थानमा ठूलठूला पहिरो पनि खसेका छन्। नाली व्यवस्थापन नगरेकै कारण वडा नं १ को झाँक्रीस्थान, काफलढुटा र रगेनीलगायतका स्थानमा घुम्ती नै खसेका छन् । मध्यपहाडी लोकमार्गले गत वर्ष नै रु ५० करोड बढी रकम विनियोजन गरेर नाली र घुम्ती व्यवस्थापन गर्ने काम ढिला गरिँदा सडक छियाँछियाँ भएको हो।

समयमा धान रोप्न नपाए पनि जसोतसो रोपेको धानखेती सबै बगाएको स्थानीय यामबहादुर भण्डारीले गुनासो गर्नुभयो। "खेत बगाएको मात्र छैन, बगर बनेको छ", उहाँले भन्नुभयो, "वर्षातभर दुःख गरेर रोपियो अहिले सबै नष्ट भयो ।" जोखिममा परेका घरपरिवारलाई सुरक्षित स्थानमा सारेर राखिएको वडाध्यक्ष भण्डारीले जानकारी दिनुभयो। सडक अवरुद्ध हुँदा सवारीसाधन सञ्चालनमा आउन नसकेको र पैदलयात्रासमेत कठिन रहेको स्थानीय विष्णु विश्वकर्मले बताउनुभयो । वर्षात्कै कारण मध्यपहाडी लोकमार्गको बागलुङदेखि हटियासम्मको ४५ किमी सडक छियाछिया भएको छ।

वर्षात्कै कारण कालोपत्र तयारी भएको दुई सय ५० मिटर सडक बग्दा गत वर्षको झण्डै रु दुई करोड लगानी खेर गएको वडा नं ४ का अध्यक्ष बलबहादुर खत्रीले बताउनुभयो । केही समयअघिको वर्षातले भत्केको तोरी खोलादेखि ठाना जाने सडक, तथा घामपानी जाने सडकसमेत अझै बन्न सकेको छैन । ती सडकमा सवारी चल्न नसक्दा स्थानीय दैनिक उपभोग्य सामान बोकेरै लैजान बाध्य छन् । बाढीपीडितको राहतका लागि नगरपालिकाले सामान्य राहत दिने योजना बनाएको नगरप्रमुख भरत शर्मा गैरेले बताउनुभयो।

# नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारीको वार्षिक साधारणसभा




पोखरापत्र संवाददाता
पोखरा, २६ भदौं

पोखरा महानगरपालिका वडा नं ८ वगालेटोलमा रहेको नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.को २०औ वार्षिक साधारणसभा सम्पन्न भएको छ।

२०औ बार्षिक साधारणसभा उद्घाटन गर्दै जिल्ला सहकारी संघ कास्की का अध्यक्ष सवित्रा कोइरालाले सरकारले आ.व २०७९/८० को वजेट मार्फत वढाएको सहकारी क्षेत्रको कर पुनरावलोकन भएकोमा खुसी व्यक्त गर्दै सहकारीमार्फत राष्ट्रिय लक्ष्य पुरा गर्न सकिने धारण राख्नुभयो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक पोखरा शाखा प्रमुख नरेश पाण्डेले वर्षैदेखि समस्यामा रहेका सहकारी देखाएर वर्तमान सहकारीहरु समस्यामा छन भनि प्रचार भैरहेको भन्दै यस्त भ्रामक प्रचारवाट विचल्लित नहुन आग्रह गर्नुभयो । कार्यक्रममा सिएमसि कास्कीका अध्यक्ष अपिल कोइराला, शुभ सिद्धार्थ बचत तथा ऋण सहकारीका अध्यक्ष विनोद श्रेष्ठ, सिद्धार्थ क्लवका अध्यक्ष प्रमोद नारायण श्रेष्ठ, सृजना महिला बचत तथा ऋण सहकारीका उपाध्यक्ष सारदा गिरी, संस्थाका कानुनि सल्लाहकार अधिवक्ता दुर्गा प्रसाद कोइरालाले आआफ्नो भनाई राख्नुभएको थियो।

अध्यक्षको आसन वाट वोल्दै अध्यक्ष भवानि माकाजुले सहारीका सिद्धान्त, मुल्य, मान्ता साथै सहकारी विभागका निर्देशन प्रति प्रतिवद्ध हुदै पारदर्शि रुपमा संस्था संचालनमा रहेकोले संस्थाका शेयर सदस्यको विश्वास र मायाँ प्रति आभार व्यक्त गर्नुभयो । यस वर्ष संस्थाको वासलात ४० प्रतिशतले बृद्धि गरी १७ करोड ८९ लाख ३५ हजार एक सय उन्नव्वे रहेको र आगामि वर्ष १९ करोड ७७ लाख ९२ हजार आठ सय एक पुऱ्याउने लक्ष्य प्रस्तुत गर्नभयो। सोही क्रममा संस्थाका सर्बोत्कृष्ट बचत सम्मान वाट सिता भट्टराई र धन कुमारी मल्ल, असल कारेवारी वाट संगिता श्रेष्ठ र अस्मिता अधिकारी, उत्कृष्ट वाल वचतकर्ता सम्मान वाट शिक्षा पाठक, निवर्तमान अध्यक्ष काल्पना श्रेष्ठ सम्मानित हुनुभयो । त्यस्तै जेष्ठ सदस्य सम्मानवाट दश जना सदस्यहरुलाई र वर्ष कर्मचारी सम्मान वाट संस्थाका सह व्यवस्थापक नम्रता श्रेष्ठ सम्मानित हुनुभयको थियो । संस्थाका उपाध्यक्ष इन्दिरा श्रेष्ठले स्वागत मन्तव्य राखेको कार्यक्रममा शिक्षा उप समिति संयोजक मिरा पराजुलीले सहकारीका सात सिद्धान्त वाचत, सहसचिव डाल्डादेवी भुजेलले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको संचालन सचिव कुस्मा राणाले गर्नुभएको थियो।

# मगरदाङमा विद्युतीकरण

पोखरापत्र संवाददाता
म्याग्दी, २६ भदौं

म्याग्दीको मालिका गाउँपालिका-५ मगरदाङमा विद्युत् सेवा विस्तार भएको छ। नेपाल विद्युत् प्राधिकरणले मगरदाङका चार सय १५ घरमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवा विस्तार गरिएको हो।

प्राधिकरणको म्याग्दी वितरण केन्द्रका प्राविधिक प्रमुख शिवराज पौडेलले दुई सय केभिए क्षमताको ट्रान्सफर्मरमार्फत मगरदाङमा विद्युतीकरण गरिएको जानकारी दिनुभयो। "मुख्य, शाखा लाइन, ट्रान्सफर्मरलगायतका संरचना निर्माण तथा जडान गरेर भदौ २५ गतेदेखि विद्युत् सेवा वितरण थालिएको छ", उहाँले भन्नुभयो, "मगरदाङमा विद्युत् विस्तार गर्न सङ्घीय सरकारको करिब रु दुई करोड ५० लाख लगानी भएको छ ।" मगरदाङका बासिन्दा रातिका समयमा उज्यालोका लागि लघु जलविद्युत्मा निर्भर रहेका थिए। विसं २०७७ मा दाङखोलामा आएको बाढीले २५ किलोवाट क्षमताको मगरदाङडाँडागाउँ-आशाटोल लघुजलविद्युत् परियोजनाको विद्युत्गृह, नहर र जेनेरेटरमा क्षति पुऱ्याएपछि त्यस क्षेत्रका स्थानीय विद्युत् सेवाबाट वञ्चित रहनुपरेको थियो। मालिका गाउँपालिका-५ का वडाध्यक्ष मीम पुनले केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवासुविधा विस्तार भएपछि दैनिक घरायसी काम, विद्यार्थीलाई पठनपाठन गर्न र उद्योग व्यवसाय सञ्चालन गर्न सहज भएको बताउनुभयो । "वडाको गर्जरा, रुम्मामा यसअघि नै विद्युतीकरण भएको थियो", उहाँले भन्नुभयो, "घरथोक, पन्थोक, जुग्जा र छुटेका बस्तीमा चालु आर्थिक वर्षभित्रमा विद्युत् सेवा विस्तार गर्ने तयारी भएको छ।"

विद्युत् सेवा विस्तारसँगै फर्निचर, पाउरोटी उद्योग, विद्यालयमा कम्प्युटर विषयको पठनपाठन, वडा र अन्य कार्यालयको प्रशासनिक काम सहज भएको छ । नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरणकेन्द्रअन्तर्गत २१ घरमा विद्युत् सुविधा विस्तार भएको छ। केन्द्रका प्रमुख प्रशान्त झाले गत आर्थिक वर्षमा थप ११ किलोमिटर ११ केभी र चार सय/दुई सय भोल्टेजको ९५ किलोमिटर शाखा लाइन विस्तार भएको बताउनुभयो । चालु आर्थिक वर्षमा मालिकाको रुम, स्याउलुङ, औल, रघुगङ्गाको पात्लेखर्क, धवलागिरिको मराङ, अन्नपूर्णको दोवामा छुटेका बस्तीमा लाइन विस्तार र विद्युत् आपूर्ति सुधार गर्ने नयाँ ट्रान्सफर्मर राख्ने योजना छ। पर्वतको जलजला गाउँपालिकाको मल्लाज, बारीबेनी क्षेत्रमा पनि म्याग्दी वितरण केन्द्रअन्तरगतको मिलनचोक सवस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।

नामः रिता पन्थ
ठेगानाः केशवटार गा.वि.स. वाड नं. ०५, तनहुँ
विमा लेख नं.: ०५१००१६११७

नामः मनमाया गुरुङ
ठेगानाः ढोडेनी गा.वि.स.वाड नं.०८, लमजुङ
विमा लेख नं.: ०६१००१३९९९

सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा फोनः ०६१-५२४४५०

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चक्लाबन्दीले बढायो जग्गाको उपयोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ भदौं**

निसीखोला गाउँपालिकाको थापागाउँमा झण्डै सय रोपनी जग्गामा किबी र ओखरखेती लगाइएको छ । उक्त स्थानमा दुई वर्षअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत जग्गा चक्लाबन्दी कार्यक्रममार्फत ती खती लगाइएको थियो ।

यस्तै बानपा-१२ स्थित सहेलाको फाँटमा चासो कृषक समूहको झण्डै दुई सय रोपनी जग्गामा कागतीका बिरुवा हुर्कँदै गरेका छन् । सोही समूहलाई समेत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत चक्लाबन्दी कार्यक्रममा समावेश गरिएको थियो । बाँझो जग्गालाई एउटै 'पलट' बनाउने, जग्गाको खण्डीकरण मिलाउने र एकल बाली लगाउने कामलाई चक्लाबन्दीका रूपमा लिने गरिन्छ । बाँझो जग्गामा एकीकृत खेती गर्नका लागि गलकोट नगरपालिकाको एक सहकारीले निलुवा लेकमा जग्गा चक्लाबन्दी गरेर खेती थालेको छ । जिल्लामा विस्तारै जग्गा चक्लाबन्दी गरेर व्यावसायिक खेती प्रणालीमा लैजान थालिएको छ । बसाइँसराइले क्रमशः गाउँका जग्गा बाँझो पल्टिने, जग्गाको खण्डीकरणका कारण यान्त्रिकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दीको योजना आएको हो । नगदे बालीको उत्पादन बढाउने, यान्त्रिकरणको माध्यमबाट उत्पादन लागत घटाउने र खेर गएको जग्गालाई सदुपयोग गर्नका लागि जग्गा चक्लाबन्दीको योजना अघि सारेको सो परियोजनाले जनाएको छ ।

परियोजनाका अनुसार आर्थिक वर्ष २०७७/७८ मा पाँच स्थानमा करिब पाँच सय रोपनीभन्दा बढी जग्गा चक्लाबन्दी गरेकामा चालु आवमा चक्लाबन्दी योजनाका लागि पुनः पाँच योजनाका लागि रु ५० लाख बजेट विनियोजन गरिएको प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना बागलुङका वरिष्ठ कृषि अधिकृत सुजित पौडेलले बताउनुभयो । उहाँका अनुसार चक्लाबन्दी कार्यक्रममा समावेश हुनका लागि फार्मको साठी रोपनी र समूहको एक सय रोपनी जग्गाभन्दा माथि हुन आवश्यक छ । "पछिल्लो सयम कृषिमा यान्त्रिकरण भइरहेको छ, पहाडमा साना-साना खण्डकीरणका जग्गा छन् भने केहीले जग्गालाई बाँझो बनाएर छाडेका छन्", उहाँले भन्नुभयो, "दुई वर्ष पहिला परियोजनाले पाँचवटा चक्लाबन्दीको योजना सफल भएको छ, यो वर्ष पुनः पाँच स्थानको जग्गा चक्लाबन्दी गर्ने गरी योजना माग गरेका छौँ, चक्लाबन्दीले नगदे बाली बढाएको छ भने सम्भावित बाँझो जग्गालाई घटाएको छ, बाँझो जग्गा भाडामा लिएरसमेत जग्गा चक्लाबन्दी गर्न सकिने भएकाले जग्गाको उपयोगिता चक्लाबन्दीसँगै दोब्बरले बढेर जान्छ ।" परियोजनाका अनुसार दुदीलाभाटी, ढोरपाटनमा समेत चक्लाबन्दी गरेको जग्गामा नगदे तरकारी तथा फलफूल बाली लगाइएकोबताउनुभयो।चक्लाबन्दी जग्गामा अन्नबालीबाहेक जुनसुकै खेती गर्न सकिन्छ ।

चक्लाबन्दी जग्गामा सजिलै यन्त्र उपकरण लैजान सकिने, पानीको निकास हुने, पहिरो नजाने तथा उत्पादनमा समेत वृद्धि हुने र उत्पादन लागत घट्ने भएकाले जग्गा चक्लाबन्दीमा किसानको आकर्षण बढेको छ । चक्लाबन्दी भन्दैमा डोजर लगाएर जग्गा सम्याउनेमात्रै नभएर जग्गाको खण्डीकरण मिलाउने र अन्नबाहेकको एकल बाली लगाउनेलाई समेत चक्लाबन्दीका रूपमा लिदै आएको वरिष्ठ कृषि अधिकृत पौडेलको भनाइ छ । पौडेलका अनुसार चालु आवमा प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनामार्फत ४० विभिन्न कृषि योजनामा रु पाँच करोड बजेट विनियोजन भएको छ ।

छपन्न जनाको बाँझो जग्गा भाडामा लिएर गलकोटको सयपत्री बहुउद्देश्यीय सहकारीले एक सय २४ रोपनी जग्गा चक्लाबन्दी गरेर परीक्षण खेती थालेको छ । प्रतिरोपनी वार्षिक दुई हजार भाडा तिर्ने गरी जग्गा चक्लाबन्दी गरेर खेती गर्न थालिएको सहकारीका अध्यक्ष चिन्तामणि शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत वर्ष गण्डकी प्रदेश सरकारको रु २६ लाख र सहकारीको रु चार लाख लागतमा एक सय २४ रोपनी जग्गा चक्लाबन्दी गरिएको हो । "किसान घटाउने उत्पादन बढाउने हाम्रो योजना हो, परीक्षणका लागि केही खेती गरेका छौँ, गत वर्ष चक्लाबन्दी गरेको जग्गामा यस वर्ष जमिन दबेर खाल्डाखुल्डी परेको छ, पुनः जग्गा व्यवस्थित गरेर नगदेबाली लगाउनेछौँ", उहाँले भन्नुभयो, "अहिले लसुन तथा सिमी लगाइएको उक्त स्थानलाई यस वर्ष पुनः व्यवस्थित गरेपछि खेती थालिनेछ ।"

# मुक्तिनाथ बैंक वालिङको वित्तीय साक्षरता

**प्रकाश डोटेल**
**स्याङ्जा, २६ भदौं**



मुक्तिनाथ विकास बैंकको वालिङ शाखाले शाखामा आबद्ध महिला सदस्यलाई वित्तीय साक्षरता प्रदान गरेको छ । बैंकले संचालन गरेको लघुवित्त बैंकिङ सेवा मार्फत कर्जा लिएका महिला सदस्हरुलाई वित्तीय साक्षरता प्रदान गरेको हो ।

वित्तीय साक्षरता कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका लघुवित्त बैंकिङ प्रमुख शर्मिला लम्सालले लघुवित्त मार्फत महिलाहरुको आयआर्जनमा टेवा पुऱ्याउन बैंकले ठूलो रकम लगानी गरेको बताईन् । बैंकको ऋण लगानीमा महिलाहरु स्वरोजगार बन्न समेत सफल भएको उनले बताईन् ।

कार्यक्रममा बोल्दै वालिङ नगरपालिका वडा नं. ८ का वडाध्यक्ष दामोदर तिवारीले महिलाहरु स्वरोजगार बन्दा समाज आर्थिक रुपमा अनुसाशित बन्ने गरेको जिकिर गर्दै महिलाहरु मार्फत हुने गरेको बचत दिगो हुने गरेको बताए ।

वित्तीय साक्षरतामा बैंकका उप-क्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नबिन काफ्ले र अनुगमन अधिकृत बालकृष्ण रेग्मीले मुक्तिनाथ बैंकले खास गरी महिलालाई प्राथमिकतामा राखेर वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको बताए । उनीहरुले वित्तीय साक्षरता मार्फत आयआर्जनमा बृद्धि र बचत गर्ने बानीमा विकास भएको दाबी गरे । त्यस अवसरमा बोल्ने बक्ताहरुले महिलाले नेतृत्व गरेको काममा आर्थिक लगानीले प्रतिफल दिएको बताए । महिलाको आर्थिक विकासमा लघुवित्त विभागले पुऱ्याएको योगदानको चर्चा गर्दै देशभर लाखौलाख महिलाहरु स्वरोजगार बन्न सफल भएको उनीहरुको भनाई थियो । महिला समूह सदस्य गंगाकुमारी शर्माको अध्यक्षतामा भएको वित्तीय साक्षरता कार्यक्रमको संचालन राधाकुमारी पराजुलीले गरेकी थिईन् । वालिङस्थित पतञ्जली योग शिविर भवनमा सम्पन्न कार्यक्रममा स्वागत बैंकका शाखा प्रमुख सुन्दर श्रेष्ठले गरेका थिए भने बैंकको प्रतिवेदन विभागका वालिङ प्रमुख मेघराज ढकालले प्रस्तुत गरेका थिए ।

मुक्तिनाथ विकास बैंकको वालिङ शाखा मार्फत महिला सदस्यहरुलाई १९ करोड बढि ऋण लगानी रहेको बैंकले जनाएको छ । लघुवित्त बैंकिङ्मा ३ हजार १ सय ८ महिला सदस्य रहेको बैंकको वालिङ, गल्याङ तथा चापाकोट नगरपालिकासँगै बिरुवा र हरिनास गाउँपालिका कार्य क्षेत्र रहेको छ ।

# मुख्य प्रशिक्षक अलमुताइरीद्वारा राजीनामा

**रासस**
**काठमाडौं, २६ भदौं**

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले पदबाट राजीनामा दिनुभएको छ । उहाँले आइतबार अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई इमेलमार्फत राजीनामा पत्र पठाउनु भएको हो ।

एन्फा प्रवक्ता सुरेश शाहका अनुसार हाल कुवेतमा रहनुभएका प्रशिक्षक अलमुताइरीको राजीनामाको विषयमा कार्यसमितिको बैठकले थप निर्णय गर्ने छ । प्रशिक्षक अलमुताइरीले सामाजिक सञ्जालमार्फत पनि राजीनामाको घोषणा गर्नुभएको छ । नेपालको मुख्य प्रशिक्षक सम्हालेको पाँच सय २५ दिनपछि उहाँले राजीनामा दिनुभएको हो । "नेपाली फुटबल सेवाको पाँच सय २५ दिनपछि नेपाली राष्ट्रिय टोलीको प्रशिक्षक पदमा आफ्नो कार्यकाल समाप्त भएको घोषणा गर्दछु", उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ ।

एन्फाले २०७७ चैत २२ गते एक वर्षका लागि अलमुताइरीलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो । त्यसपछि अलमुताइरी र एन्फाबीच २०७८ कात्तिकमा तीन वर्षका लागि नयाँ सम्झौता भएको थियो । अलमुताइरीको नेतृत्वमा नेपालले पहिलो पटक साफ च्याम्पियनशिपको फाइनल खेलेको थियो । गत असोजमा माल्दिभ्समा भएको उक्त च्याम्पियनशिपको फाइनलमा नेपाल भारतसँग पराजित भएको थियो । यसैगरी नेपालले अलमुताइरीको नेतृत्वमा एएफसी एसियन कप छनोटको दोस्रो चरणसमेत खेलेको थियो । गत वैशाख १३ गते अलमुताइरीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै १० खेलाडीले बन्द प्रशिक्षण छाडेपछि उहाँ विवादमा तानिनुभएको थियो ।

अलमुताइरी र राष्ट्रिय टोलीका १० खेलाडी बीचको विवाद समाधानका लागि एन्फाले छानबिन समितिसमेत गठन गरेको थियो । अलमुताइरीको अनुपस्थितिमा एन्फाले केही समयअघि मात्र मैत्रीपूर्ण खेलका लागिप्रदीपहुमागाईंलाईकार्यवाहक मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । नेपालले आगामी असोज ११ गते दशरथ रङ्गशालामा बङ्गलादेशसँग उक्त मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ ।

# सहुलियत ऋण लगानीबाट चार सय ३० कृषक लाभान्वित

**–कृष्ण न्यौपाने**
**दमौली, २६ भदौं (रासस)**

सहुलियत ब्याजदरमा ऋण लगानीबाट तनहुँका चार सय ३० पशुपालक कृषक लाभान्वित भएका छन् । जिल्लास्थित विभिन्न बैङ्कले उपलब्ध गराएको सहुलियत ब्याजदरमा ऋण लगानीबाट चार सय ३० पशुपालक कृषक लाभान्वित भएका हुन् ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको तथ्याङ्कअनुसार जिल्लाका १४ बैङ्कले पशुपालक कृषकलाई सहुलियत ब्याजदरमा ऋण लगानी गरेका छन् । सरकारको निर्णय बमोजिम ती बैङ्कले पशुपालक कृषकलाई सहुलित ब्याजदरमा पशुपालन गर्नका लागि ऋण उपलब्ध गराएको विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

पशुपालनमा सहयोग पुऱ्याउन बैङ्कले पाँच प्रतिशत ब्याजदरमा ऋण प्रवाह गरेका छन् । कार्यालयको तथ्याङ्कअनुसार कृषकलाई रु ३३ करोड १८ लाख १५ हजार ऋण प्रवाह गरिएको छ । कृषकले ऋण लिएर कुखुरापालन, पशुपक्षी तथा मत्स्यपालना, बाख्रा, गाईभैंसीपालनमा लगानी गरेका छन् ।

कुखुरापालनका लागि आठ, पशुपक्षी तथा मत्स्यपालनका लागि एक सय २९, बाख्रा तथा गाईभैंसीपालनका लागि चार, पशुपालनका लागि दुई सय ८७ ले सहुलियत ब्याजदरमा ऋण लिएका छन् । कुखुरापालनका लागि एनआइसी एसिया बैङ्कले रु २० लाख, पशुपक्षी तथा मत्स्यपालनका लागि नेपाल बङ्गलादेश बैङ्कले रु एक करोड २५ लाख, बाख्रा तथा गाईभैंसीपालनका लागि साङ्ग्रिला विकास बैङ्कले रु १७ लाख, पशुपक्षीपालनका लागि सनराइज बैङ्कले रु चार करोड पाँच लाख, पशुपक्षीपालनका लागि लक्ष्मी बैङ्कले रु एक करोड ९२ लाख ८३ हजार लगानी गरेका छन् ।

पशुपालनका लागि ग्लोबल आइएमइ बैङ्कले रु दुई करोड ३९ लाख, पशुपक्षी तथा मत्स्यपालनका लागि कामना सेवा विकास बैङ्कले रु एक करोड ४५ लाख, पशुपक्षी तथा मत्स्यपालनका लागि राष्ट्रिय वाणिज्य बैङ्कले रु ५२ लाख, पशुपक्षी तथा मत्स्यपालनका लागि मेघा बैङ्कले रु एक करोड छ लाख ८० हजार, पशुपक्षी तथा मत्स्यपालनका लागि कुमारी बैङ्कले रु नौ करोड ५८ लाख नौ सय ६०, पशुपक्षी तथा मत्स्यपालनका लागि कृषि विकास बैङ्कले रु सात करोड ३५ लाख ७५ हजार, पशुपक्षी तथा मत्स्यपालनका लागि एनएमवि बैङ्कले रु ५७ लाख ५० हजार, कुखुरापालन तथा पशुपालनका लागि माछापुच्छ्रे बैङ्कले रु पाँच करोड ३८ लाख ५० हजारपशुपालनका लागि नेपाल बैङ्कले रु दुई करोड ९१ लाख ९२ हजार र पशुपालन कै लागि मेरो माइक्रोफाइनान्सले रु तीन करोड ९१ लाख ८५ हजार लगानी गरेका छन् ।

भेटेरीनरी (पशु) अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान दिने कार्यक्रम ल्याएपछि पशुपालन गर्नेको सङ्ख्या बढेको छ । यद्यपि किसानले लागत अनुसारको मूल्य पाउन नसकेको गाईपालक कृषक व्यास नगरपालिका-११ निवासी कालिका पौडेलले बताउनुभयो । "चोकरको मूल्य महिनैपिच्छे बढ्छ, तर दूधको मूल्य बढ्दैन, लागत अनुसारको मूल्य नपाउँदा कृषक मारमा पर्दै आएका छन्", उहाँले गुनासो गर्नुभयो । पशुपालन गर्ने कृषकको सङ्ख्या बढेसँगै तनहुँमा दूध, मासु र अण्डाको उत्पादन मागभन्दा बढी भएको छ । आर्थिक वर्ष २०७७/७८ भन्दा २०७८/७९ मा दूध, अण्डा, मासु र माछाको उत्पादन वृद्धि भएको केन्द्रले जनाएको छ ।

आर्थिक वर्ष ०७८/७९ मा दूध ३८ हजार आठ सय ३८ र मासु चार हजार सात सय ४३ मेट्रिकटन उत्पादन भएको छ । त्यस्तै अण्डा दुई करोड ७० लाख ६० हजार गोटा उत्पादन भएको छ । दूधको २९ हजार सात सय ८२ र मासुको चार हजार पाँच सय ८१ मेट्रिकटन तथा अण्डाको एक करोड ७३ लाख ४५ हजार गोटा माग छ । दूध नौ हजार ५६ र मासु एक सय ६२ मेट्रिकटन बढी उत्पादन भएको छ भने अण्डा ९७ लाख १५ हजार बढी उत्पादन भइरहेको छ ।

प्रतिव्यक्ति प्रति वर्ष दूध ८४ दशमलव ९४ लिटर आवश्यक पर्ने भएकामा जिल्लामा एक सय १८ दशमलव ५४ लिटर, मासु १७ दशमलव ८३ किलो आवश्यक पर्नेमा जिल्लामा १४ दशमलव ४१ किलो, अण्डा ५१ दशमलव १८ गोटा आवश्यक पर्नेमा ८२ दशमलव ५९ गोटा उपलब्ध भइरहेको छ ।

# शैक्षिक तथा स्वास्थ्य सामग्री वितरण

**पोखरापत्र संवाददाता**
**गोरखा, २६ भदौं**

हिमानी ट्रस्टले गोरखाका सामुदायिक विद्यालयमा अध्ययनरत तीन हजार सात सयभन्दा बढी विद्यार्थीलाई शैक्षिक तथा स्वास्थ्य सामग्री वितरण गरेको छ ।

उक्त ट्रस्टले जिल्लाभित्रका ४० विद्यालयमा अध्ययनरत तीन हजार सात सय ५० विद्यार्थीलाई उक्त सामग्री वितरण गरेको कार्यक्रम संयोजक मोहसिन अलिमियाँले जानकारी दिनुभयो । ट्रस्टले विद्यार्थीहरुलाई ब्यागभित्र नेपाली तथा अङ्ग्रेजी अभ्यास पुस्तक, कलर बक्स, स्टेशनरी बक्स, सिसाकलम, हेल्थ ब्याग, लन्च बक्स, पानीको बोटल, मास्क, साबुन, मन्जन, ब्रस, ब्यान्डेज र फ्रेण्डसिप कार्डसमेत राखेर गोरखा नगरपालिका, भीमसेन थापा गाउँपालिका, शहीद लखन गाउँपालिका, पालुङटार नगरपालिका र धार्चे गाउँपालिकाको बिद्यालयका बालबालिकालाई उक्त सामग्री बितरण गरेको उहाँले बताउनुभयो ।

# नवौं राष्ट्रिय खेल : सुदूरपश्चिम विजयी

**रासस**
**काठमाडौं, २६ भदौं**

राजधानीमा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेट खेलमा सुदूरपश्चिम प्रदेशले प्रदेश नं १ लाई पराजित गर्दै पहिलो जीत दर्ता गराएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमले प्रदेश नं १ लाई १३ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । सुदूरपश्चिमले प्रदेश १ लाई जीतका लागि एक सय ४५ रनको लक्ष्य दिएको थियो । जवाफमा प्रदेश १ निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ३१ रनमा समेटियो । प्रदेश १ का लागि दिपेश कँडेलले अविजित ३४ रन बनाए भने कप्तान फिर्दोस अन्सारीले ३३ रनको योगदान दिए । सोनु मण्डलले अविजित २६ रन बनाउदा सन्दीप ढुङ्गानाले १३ रन बनाए । बलिङतर्फ सुदूरपश्चिमका मिलन बोहोराले दुई तथा हेमन्त धामी, नारायण जोशी, नरेन साउद, शेर मल्ल र लोकेन्द्र चन्दले समान १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ४४ रन बनाएको थियो ।


## हार्दिक समवेदना



जन्मः
वि. स. २०२६/०६/०५

स्वर्गारोहणः
वि.स. २०७९/०४/२०

स्वः हजरत मियाँ

यस बालविद्या मन्दिर इङ्लिस बोर्डिङ स्कुलका अभिभावक तथा शुभचिन्तक **हजरत मियाँ**को ५२ वर्षको अल्पायूमा भएको अकल्पनीय एवम् असामयिक दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ । उहाँको स्वर्गारोहणको ४० औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकमग्न परिवारजनप्रति गहिरो समवेदना तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

राम गुरुङ तथा कमल गुरुङ

बालविद्या मन्दिर इङ्लिस बोर्डिङ स्कुल परिवार
मियाँपाटन, पोखरा-१२